नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
सञ्चालक समितिको सचिवालय



# नेपाल बैंक लिमिटेडको ६३ औं वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरु

नेपाल बैंक लिमिटेड सञ्चालक समितिका अध्यक्ष श्री गंगाप्रसाद ज्ञवालीज्यूको सभापतित्वमा मिति २०७९ पौष २९ गते शुक्रबार (तदानुसार १३ जनवरी २०२३) का दिन प्रधान कार्यालय, धर्मपथ, काठमाडौंमा बिहान ११:०० बजे शुरु भई दिनको १:०० बजेसम्म पूर्व निर्धारित विषय माथि छलफल गरी सम्पन्न भएको ६३ औं वार्षिक साधारण सभाको निर्णय अभिलेख (माइन्युट) को संक्षिप्त विवरण देहाय बमोजिम रहेकोले शेयरधनी महानुभावहरुको जानकारीका लागि प्रकाशित गरिएको छ ।

## १. सभाको सूचना जारी :

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली अनुसार सञ्चालक समितिको मिति २०७९ पौष ६ गते बुधबार बसेको सत्रौं बैठकले बैंकको ६३ औं वार्षिक साधारण सभा मिति २०७९ पौष २९ गते शुक्रबारका दिन बिहान ११:०० बजे बैंकको प्रधान कार्यालय, धर्मपथ, काठमाडौंमा बस्ने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०७९ पौष ७ गतेको "गोरखापत्र" दैनिक, मिति २०७९ पौष ८ गतेको "कारोबार" दैनिक लगायत बैंकको वेभसाइटमा समेत प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराइएको ।

## २. छलफलका विषयहरु :

### क. सामान्य प्रस्तावहरु :

१. आ.व. २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७८/७९ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजी रु.१४,४०,५९,०४,८३१/३० को १० (दश) प्रतिशतका दरले हुन आउने रु.१,४४,०५,९०,४८३/१३ (अक्षेरुपी एक अर्ब चौवालिस करोड पाँच लाख नब्बे हजार चार सय त्रियासी र तेह्र पैसा मात्र) नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/८० को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

### ख. विशेष प्रस्तावहरु :

१. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजी रु.१४,४०,५९,०४,८३१/३० को २ (दुई) प्रतिशतका दरले हुन आउने रु.२८,८१,१८,०९६/६३ (अक्षेरुपी अठ्ठाईस करोड एकासी लाख अठार हजार छ्यानब्बे र त्रिसठ्ठी पैसा मात्र) रकम बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने र बोनस शेयर वितरणबाट बैंकको साविक जारी तथा चुक्ता पूँजीमा वृद्धि गरी रु.१४,६९,४०,२२,९२७/९० (अक्षेरुपी चौध अर्ब उनन्सत्तरी करोड चालिस लाख बाईस हजार नौ

सय सत्ताईस र नब्बे पैसा मात्र) कायम गर्ने र सोही बमोजिम प्रवन्धपत्र तथा नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने ।

२. बैंकको प्रवन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. उपस्थिति :

३.१ सञ्चालकहरु :

| | | |
|---|---|---|
| १. | श्री गंगाप्रसाद ज्ञवाली | अध्यक्ष |
| २. | श्री केदारनाथ शर्मा | सञ्चालक |
| ३. | डा. सावित्री रञ्जित श्रेष्ठ | सञ्चालक |
| ४. | श्री विवेक शम्शेर ज.ब.रा. | सञ्चालक |
| ५. | श्री विष्णुकुमार अग्रवाल | सञ्चालक |
| ६. | श्री रोचन श्रेष्ठ | सञ्चालक |

३.२ पदाधिकारीहरु :

| | | |
|---|---|---|
| १. | श्री कृष्णबहादुर अधिकारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री समता पन्त | नायब प्रमुख कार्यकारी अधिकृत |

३.३ शेयरधनी नेपाल सरकारको तर्फबाट :

| | | |
|---|---|---|
| १. | श्री निरज के.सी. | उप महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय (प्रतिनिधि, शेयरधनी नेपाल सरकार) |

३.४ पर्यवेक्षक:

| | | |
|---|---|---|
| १. | श्री महेश बराल | रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय |

४. गणपूरक संख्या तथा शेयरधनीहरुको उपस्थिति :

| उपस्थित शेयरधनीको संख्या | उपस्थित शेयरधनीहरुले ग्रहण गरेको शेयर | बैंकको कुल शेयर | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| २२६ | ७,९१,०५,३९५ कित्ता | १४,४०,५९,०४८.३१३ कित्ता | ५४.९१ प्रतिशत |

५. सभाको वैधानिकता र सभापतित्व :

कम्पनी सचिव श्री केशव प्रसाद भण्डारीले सभा स्थलमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आगन्तुक महानुभावहरुमा स्वागत अभिवादन तथा उच्च सम्मान व्यक्त गर्दै बैंकको नियमावली तथा कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार साधारण सभाको लागि गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको पचास (५०) प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित भएमा साधारण सभाको लागि गणपुरक संख्या पुगेको मानिने प्रावधान भए अनुरुप शेयरधनीको उपस्थितिले आजको सभाको गणपुरक संख्या पुगेको जानकारी सभा समक्ष गराउनुभयो ।



प्रधान कार्यालय
सञ्चालक समितिको सचिवालय

कम्पनी सचिवले सभालाई विधिवत् रुपमा अगाडि बढाउने क्रममा साधारण सभाको सभापतित्व गरिदिनुहुन बैंक सञ्चालक समितिका अध्यक्ष श्री गंगाप्रसाद ज्ञवालीज्यूलाई अनुरोध गर्नुभयो । साथै, कम्पनी सचिवले बैंक सञ्चालक समितिका सदस्यहरु, बैंकका पदाधिकारीहरु, प्रतिनिधि तथा पर्यवेक्षकहरु, बैंकको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लिमिटेडका नि.प्रमुख कार्यकारी अधिकृत र बाह्य लेखापरीक्षकहरुलाई आसन ग्रहण गराउनु भयो । सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित महानुभावहरुलाई यथास्थानमा आसन ग्रहण गर्न र सभामा सक्रिय सहभागी हुनका लागि अनुरोध गर्नुभयो ।

आसन ग्रहण र राष्ट्रिय गानको कार्यक्रम पश्चात् पानसमा दिप प्रज्ज्वलन गरेर ६३ औं वार्षिक साधारण सभाको समुदघाट्न बैंक सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री गंगाप्रसाद ज्ञवालीज्यूले गर्नुभयो ।

तत् पश्चात् कम्पनी सचिवले सभामा छलफल हुने सामान्य तथा विशेष प्रस्तावहरुको जानकारी सभा समक्ष गराउनु भयो र सञ्चालक समितिको तर्फबाट ६३ औं वार्षिक साधारण सभामा अध्यक्षको मन्तव्य तथा सभामा प्रस्तुत हुने सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गरिदिनुहुन सभाका सभापतिलाई अनुरोध गर्नुभयो ।

६. अध्यक्षको मन्तव्य तथा सञ्चालक समितिको प्रतिवेदनको प्रस्तुति :

सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष श्री गंगाप्रसाद ज्ञवालीज्यूले सहभागी शेयरधनी महानुभावहरु, प्रतिनिधि, पर्यवेक्षक तथा पत्रकारहरु, बैंकको शेयर रजिष्ट्रारका नि. प्रमुख कार्यकारी अधिकृत, बाह्य लेखापरीक्षकहरु, नियमनकारी निकायका प्रतिनिधिहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई स्वागत अभिवादन व्यक्त गर्दै अध्यक्षको मन्तव्य तथा सञ्चालक समितिको तर्फबाट ६३ औं वार्षिक साधारण सभाको प्रतिवेदन प्रस्तुत गर्नुभयो । साथै, साधारण सभामा प्रस्तुत प्रस्तावहरु (सामान्य र विशेष) तथा बैंकको ६३ औं वार्षिक प्रतिवेदनमा आवश्यक छलफल गरी पारित गरिदिनुहुन शेयरधनी महानुभावहरुलाई अनुरोध समेत गर्नुभयो ।

७. प्रमुख कार्यकारी अधिकृतको प्रतिबद्धता :

सभाका सभापति तथा बैंक सञ्चालक समितिका अध्यक्षको अनुमतिले बोल्नुहुँदै बैंकका प्रमुख कार्यकारी अधिकृत श्री कृष्णबहादुर अधिकारीले शेयरधनी महानुभावहरुले विगतमा बैंकप्रति राख्नु भएको विश्वास, दिनुभएका सल्लाह तथा सुझावका साथै सञ्चालक समितिको निर्देशन बैंक व्यवस्थापनले निरन्तर कार्यान्वयन गर्दै लगिरहेको जानकारी गराउनुभयो । साथै, आगामी दिनमा समेत बैंकमा उपलब्ध मानव साधन, वित्तीय साधन, भौतिक साधन र सूचना प्रविधिको आदर्शतम प्रयोग गर्दै बैंकमा संस्थागत सुशासन अभिवृद्धि गर्दै शेयरधनी महानुभावहरुको अपेक्षाको परिपूर्ति गर्न बैंक व्यवस्थापन प्रतिबद्ध रहेको विचार राख्नु हुँदै साधारण सभा समक्ष प्रमुख कार्यकारी अधिकृतको तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभयो ।

८. छलफलमा सहभागी भई मन्तव्य व्यक्त गर्नुभएका शेयरधनी महानुभावहरु :

६३ औं वार्षिक साधारण सभामा प्रस्तुत प्रस्ताव तथा विषयहरु उपर छलफलमा सहभागी शेयरधनी महानुभावहरुको नामावली :

१. भक्तिप्रसाद उप्रेती

२. त्रिरत्न शाक्य

३. शोभराज बराल

४. निरज के.सी. – शेयरधनी नेपाल सरकारको तर्फबाट

त्यस्तै, सभामा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री महेश बरालले साधारण सभालाई सम्बोधन गर्दै सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

९. **शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका जिज्ञासा एवम् सुझावको सारांश :**

कम्पनी ऐन बमोजिम तोकिएको अवधीभित्र साधारण सभा हुन गइरहेकोमा धन्यवाद दिँदै कठिन समयमा पनि प्रतिस्पर्धात्मक लाभांश प्रदान गर्न बैंक सफल भएकोमा छलफलका कार्यक्रममा सहभागी शेयरधनी महानुभावहरुले धन्यवाद दिनुभयो ।

त्यस्तै, शेयरधनी महानुभावहरुले ६३ औं वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दै निम्न बमोजिमका जिज्ञासा एवम् सुझाव व्यक्त गर्नुभयो ।

- साधारण सभा यथासक्य चाँडो गर्न सुझाव ।
- बाह्य लेखापरीक्षकको Opinion नेपालीमा प्रकाशन गर्न सुझाव ।
- ब्याज आम्दानी तथा गैह्र ब्याज आम्दानी अभिवृद्धि गर्ने उपायहरुको अवलम्बन गर्न जोड ।
- बैंकको व्यापार व्यवसाय विविधिकरण गर्न सुझाव ।
- बैंकको स्थिर सम्पत्तिको समुचित सदुपयोग गर्ने दिशामा अघि बढ्न सुझाव ।
- गैह्र बैंकिङ्ग सम्पत्ति व्यवस्थापन गर्ने दिशामा आवश्यक रणनीति निर्धारण गर्न जोड ।
- मर्चेन्ट बैंकिङ्ग गर्ने सहायक कम्पनी स्थापना गर्नेतर्फ ध्यान दिन जोड ।

१०. **शेयरधनीहरुको जिज्ञासा एवम् सुझाव उपर प्रतिउत्तर :**

सभाका सभापति तथा बैंक सञ्चालक समितिका अध्यक्षले छलफल कार्यक्रममा सहभागी शेयरधनी महानुभावहरुले बैंकको उन्नति, प्रगति र दिगो विकासका लागि दिनुभएका विभिन्न अमूल्य सुझाव तथा सल्लाहका लागि धन्यवाद ज्ञापन गर्दै आगामी वर्षहरुमा साधारण सभा यथासक्य चाँडो गर्ने विषयमा बैंक लाग्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै, बैंक व्यवस्थापनसँग सम्बन्धित जिज्ञासाको जवाफका लागि प्रमुख कार्यकारी अधिकृत श्री कृष्णबहादुर अधिकारीलाई अनुरोध गर्नुभयो ।

तत पश्चात् बोल्नुहुँदै बैंकका प्रमुख कार्यकारी अधिकृत श्री कृष्णबहादुर अधिकारीले बाह्य लेखापरीक्षकको Opinion नेपालीमा प्रकाशन गर्न आवश्यक पहल गरिने विश्वास व्यक्त गर्नुभयो । गत आर्थिक वर्षमा बैंक निक्षेप संकलन र कर्जा विस्तारमा पहिलो रहेको स्मरण गराउनु हुँदै ब्याज आम्दानी तथा गैह्र ब्याज आम्दानी अभिवृद्धि गर्ने उपायहरु अवलम्बन गरिने जानकारी सभा समक्ष गराउनु भयो । त्यस्तै, बैंकले व्यापार व्यवसाय विविधिकरण गर्न, स्थिर सम्पत्तिको समुचित सदुपयोग गर्न तथा गैह्र बैंकिङ्ग सम्पत्ति व्यवस्थापन गर्दै खराब कर्जा घटाउन थप तत्पर भएर लाग्ने विश्वास सभालाई गराउनु भयो । बैंकको सहायक कम्पनी स्थापना गर्ने तर्फ आवश्यक अध्ययन भइरहेको जानकारी समेत सभा समक्ष गराउनुभयो ।

साथै, शेयरधनी महानुभावहरुले राख्नुभएका अन्य सुझाव तथा सल्लाहहरु क्रमशः कार्यान्वयन गर्दै लैजाने विश्वास व्यक्त गर्नुभयो ।

११. **सभाको निर्णय :**

<u>सामान्य प्रस्ताव तर्फ</u> :

१. आ.व. २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।



नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
सञ्चालक समितिको सचिवालय

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७८/७९ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो।

३. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजी रु.१४,४०,५९,०४,८३१/३० को १० (दश) प्रतिशतका दरले हुन आउने रु.१,४४,०५,९०,४८३/१३ (अक्षेरुपी एक अर्ब चौवालिस करोड पाँच लाख नब्बे हजार चार सय त्रियासी र तेह्र पैसा मात्र) नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृती प्रदान गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/८० को लागि चार्टर्ड एकाउण्टेन्ट त्रय श्री नरेन्द्र भट्टराई, श्री जगन्नाथ उपाध्याय र श्री सुनिर कुमार ढुंगेललाई लेखापरीक्षक नियुक्त गर्ने र प्रत्येकलाई रु.७,५६,२५०/- (भ्याट बाहेक) का दरले पारिश्रमिक भुक्तानी दिने प्रस्ताव सर्वसम्मत स्वीकृत भयो।

**विशेष प्रस्ताव तर्फ :**

१. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजी रु.१४,४०,५९,०४,८३१/३० को २ (दुई) प्रतिशतका दरले हुन आउने रु.२८,८१,१८,०९६/६३ (अक्षेरुपी अठ्ठाईस करोड एकासी लाख अठार हजार छयानब्बे र त्रिसठ्ठी पैसा मात्र) रकम बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने र बोनस शेयर वितरणबाट बैंकको साविक जारी तथा चुक्ता पूँजीमा वृद्धि गरी रु.१४,६९,४०,२२,९२७/९० (अक्षेरुपी चौध अर्ब उनन्सत्तरी करोड चालिस लाख बाईस हजार नौ सय सत्ताईस र नब्बे पैसा मात्र) कायम गर्ने र सोही बमोजिम प्रवन्धपत्र तथा नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो।

२. बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो।

**प्रबन्धपत्रको दफा ५ (कख), ६ (ख), (ग), (घ) तथा १५ (२) मा प्रस्तावित संशोधन**

| क्र.सं. | सम्बन्धित विषय | साविकको व्यवस्था | प्रस्तावित संशोधन |
|---|---|---|---|
| १. | बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु | **५. बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :**<br>(कख) नभएको | **५. बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :**<br>(कख) सहायक कम्पनी स्थापना गर्न सकिने। |
| २. | बैंकको पूँजीको संरचना | **६. बैंकको पूँजीको संरचना :**<br>(ख) बैंकको जारी पूँजी रु.१४,४०,५९,०४,८३१/३० (अक्षरेपी चौध अर्ब चालिस करोड उनन्साठी लाख चार हजार आठ सय एकतिस रुपैया र तीस पैसा) हुनेछ।<br>(ग) बैंकको चुक्ता पूँजी रु.१४,४०,५९,०४,८३१/३० (अक्षरेपी चौध अर्ब चालिस करोड उनन्साठी लाख चार हजार आठ सय एकतिस रुपैया र तीस पैसा) हुनेछ।<br>(घ) बैंकले चुक्ता पूँजीको ७,०५,८८,९३३.६७३३ थान शेयर सर्वसाधारणको लागि छुट्टयाएको छ। | **६. बैंकको पूँजीको संरचना :**<br>(ख) बैंकको जारी पूँजी रु.१४,६९,४०,२२,९२७/९० (अक्षरेपी चौध अर्ब उनन्सत्तरी करोड चालिस लाख बाईस हजार नौ सय सत्ताईस र नब्बे पैसा) हुनेछ।<br>(ग) बैंकको चुक्ता पूँजी रु.१४,६९,४०,२२,९२७/९० (अक्षरेपी चौध अर्ब उनन्सत्तरी करोड चालिस लाख बाईस हजार नौ सय सत्ताईस र नब्बे पैसा) हुनेछ।<br>(घ) बैंकले चुक्ता पूँजीको ७,२०,००,७१२.३४६७ थान शेयर सर्वसाधारणको लागि छुट्टयाएको छ। |

<table>
<tr>
<td>३.</td>
<td>संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या :</td>
<td>
<u>१५.संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या :</u><br><br>
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि साविक नेपाल बैंक कानून, १९९४ अन्तर्गत स्थापना भई पुनः साविकमा वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत बैंकको शेयर स्वामित्व सम्बन्धी अभिलेखमा उल्लिखित शेयरधनीहरुलाई नै बैंकको संस्थापक तथा अन्य शेयरधनी मानी सोही बमोजिम स्वामित्व कायम रहेको मानिनेछ ।
<table>
<tr><td>संस्थापक को नाम, ठेगाना र सहीछाप</td><td>बाबु को नाम</td><td>बाजे को नाम</td><td>लिनकबुल गरेको शेयर संख्या</td><td>साक्षीको नाम; थर, ठेगाना र सहीछाप</td></tr>
<tr><td>द. १.नामः नेपाल सरकार</td><td>-</td><td>-</td><td>७,३४,७०,११४.६३९६ साधारण शेयर ५१ प्रतिशत</td><td></td></tr>
<tr><td>द. २.सर्वसाधारण शेयरधनी</td><td>-</td><td>-</td><td>७,०५,८८,९३३.६७३३ साधारण शेयर ४९ प्रतिशत</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१४,४०,५९,०४८.३१३ साधारण शेयर</td><td></td></tr>
</table>
</td>
<td>
<u>१५.संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या :</u><br><br>
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि साविक नेपाल बैंक कानून, १९९४ अन्तर्गत स्थापना भई पुनः साविकमा वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत बैंकको शेयर स्वामित्व सम्बन्धी अभिलेखमा उल्लिखित शेयरधनीहरुलाई नै बैंकको संस्थापक तथा अन्य शेयरधनी मानी सोही बमोजिम स्वामित्व कायम रहेको मानिनेछ ।
<table>
<tr><td>संस्थापक को नाम; ठेगाना र सहीछाप</td><td>बाबु को नाम</td><td>बाजे को नाम</td><td>लिनकबुल गरेको शेयर संख्या</td><td>साक्षीको नाम, थर, ठेगाना र सहीछाप</td></tr>
<tr><td>द. १.नामः नेपाल सरकार</td><td>-</td><td>-</td><td>७,४९,३९,५१६.९३२२ साधारण शेयर ५१ प्रतिशत</td><td></td></tr>
<tr><td>द. २.सर्वसाधारण शेयरधनी</td><td>-</td><td>-</td><td>७,२०,००,७१२.३४६७ साधारण शेयर ४९ प्रतिशत</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१४,६९,४०,२२९.२७८ साधारण शेयर</td><td></td></tr>
</table>
</td>
</tr>
</table>

## नियमावलीको नियम ५२ (२) मा प्रस्तावित संशोधन

<table>
<tr><th>क्र.सं.</th><th>सम्बन्धित विषय</th><th>साविकको व्यवस्था</th><th>प्रस्तावित संशोधन</th></tr>
<tr>
<td>१.</td>
<td>संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या :</td>
<td>
<u>५२.संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या :</u><br><br>
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनी साविक नेपाल बैंक कानून, १९९४ अन्तर्गत स्थापना भई पुनः साविकमा वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत बैंकको शेयर स्वामित्व सम्बन्धी अभिलेखमा उल्लिखित शेयरधनीहरुलाई नै बैंकको संस्थापक तथा अन्य शेयरधनी मानी सोही बमोजिम स्वामित्व कायम रहेको मानिनेछ ।
<table>
<tr><td>संस्थापक को नाम, ठेगाना र सहीछाप</td><td>बाबु को नाम</td><td>बाजे को नाम</td><td>लिनकबुल गरेको शेयर संख्या</td><td>साक्षीको नाम, थर, ठेगाना र सहीछाप</td></tr>
<tr><td>द. १.नामः नेपाल सरकार</td><td>-</td><td>-</td><td>७,३४,७०,११४.६३९६ साधारण शेयर ५१ प्रतिशत</td><td></td></tr>
<tr><td>द. २.सर्वसाधारण शेयरधनी</td><td>-</td><td>-</td><td>७,०५,८८,९३३.६७३३ साधारण शेयर ४९ प्रतिशत</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१४,४०,५९,०४८.३१३ साधारण शेयर</td><td></td></tr>
</table>
</td>
<td>
<u>५२.संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या :</u><br><br>
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनी साविक नेपाल बैंक कानून, १९९४ अन्तर्गत स्थापना भई पुनः साविकमा वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत बैंकको शेयर स्वामित्व सम्बन्धी अभिलेखमा उल्लिखित शेयरधनीहरुलाई नै बैंकको संस्थापक तथा अन्य शेयरधनी मानी सोही बमोजिम स्वामित्व कायम रहेको मानिनेछ ।
<table>
<tr><td>संस्थापक को नाम, ठेगाना र सहीछाप</td><td>बाबु को नाम</td><td>बाजे को नाम</td><td>लिनकबुल गरेको शेयर संख्या</td><td>साक्षीको नाम, थर, ठेगाना र सहीछाप</td></tr>
<tr><td>द. १.नामः नेपाल सरकार</td><td>-</td><td>-</td><td>७,४९,३९,५१६.९३२२ साधारण शेयर ५१ प्रतिशत</td><td></td></tr>
<tr><td>द. २.सर्वसाधारण शेयरधनी</td><td>-</td><td>-</td><td>७,२०,००,७१२.३४६७ साधारण शेयर ४९ प्रतिशत</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१४,६९,४०,२२९.२७८ साधारण शेयर</td><td></td></tr>
</table>
</td>
</tr>
</table>

प्रधान कार्यालय

साधारण सभामा पेश भएका उपर्युक्त प्रस्तावहरु साधारण सभाबाट सर्वसम्मतिले पारित भए । तत् पश्चात सभाका सभापतिले सभामा सहभागी भई साधारण सभालाई सफल पार्न सहयोग गर्नुहुने शेयरधनी तथा सहभागी सम्पूर्ण महानुभावहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्नुभयो ।

१२. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

अन्त्यमा, सभाका सभापतिले बैंकप्रति विश्वास राख्नु हुने आदरणीय शेयरधनी महानुभावहरु, ग्राहक महानुभावहरु, बैंकको हित तथा प्रगतिको लागि मार्ग निर्देशन दिने नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडियस एण्ड क्लियरिङ्ग लिमिटेड लगायत सम्पूर्ण नियमनकारी निकायहरु, बैंकका सम्पूर्ण कर्मचारीहरु तथा बैंकसँग प्रत्यक्ष वा परोक्ष रुपमा हित गाँसिएका संघ संस्था तथा सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभाको समापन गर्नुभयो ।

( केशव प्रसाद भण्डारी )
कम्पनी सचिव

( गंगाप्रसाद ज्ञवाली )
अध्यक्ष